# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय, सिंहमहल,
थापाथली, काठमाडौं
फोन: ४२५०१९२/४२२१७६३/
४२४१२७२/४२५७८८०
फ्याक्स: ४२५४१७०
Email: pdm@nrb.org.np
Website: www.nrb.org.np
टेलिग्राम "रावा"
पोष्ट बक्स: १०५५

पत्रसंख्या: राऋव्यवि/निव्य/ब.नि.निर्देशन /०६५/६६ मिति: २०६५/९/१४

यस बैंकबाट ईजाजत प्राप्त सबै बजार निर्माताहरु ।

विषय: शाखा कार्यालयहरुबाट समेत सरकारी ऋणपत्रको कारोवार हुन सक्ने ।

यस बैंकबाट इजाजतप्राप्त बजारनिर्माताहरुको मुख्य (कर्पोरेट) कार्यालयका साथै देहायका शर्तहरुको अधिनमा रही तिनका शाखा कार्यालयबाट समेत सरकारी ऋणपत्रको प्राथमिक निष्कासन, दोस्रोबजार (खरीद/विक्री) कारोवार एवं ऋणपत्रको साँवा/ब्याज भुक्तानी कार्य हुन सक्ने व्यवस्था भएको सहर्ष जानकारी गराउँदछु ।

क) सरकारी ऋणपत्रको प्राथमिक निष्कासनका लागि विक्री खुला हुँदा शाखा कार्यालय मार्फत समेत विक्री भएको ऋणपत्रको विवरण सहित सम्बन्धित बजार निर्माताको मुख्य कार्यालय मार्फत सोही दिन एकीकृत (एकमुष्ट) रुपमा यस बैंकमा रकम जम्मा हुनु पर्ने । सो बापतको विक्री कमिशन रकम समेत एकमुष्ट रुपमा सम्बन्धित बजारनिर्माताको मुख्य कार्यालयको खातामा जम्मा गरिने ।

ख) ऋणपत्रको दोस्रो बजार (खरिद/विक्रि)को हकमा बजारनिर्मातालाई तोकिएको शर्त नं २ बमोजिमको समयावधि (३ दिन) मा शाखा कार्यालय मार्फत खरिद/विक्रि गरेको हकमा सो का लागि ३ (तिन) कार्य दिन थप हुने ।

ग) बजार निर्माताको शाखा कार्यालय मार्फत ऋणपत्रको साँवा/ब्याज भुक्तानी भएको अवस्थामा सो को विवरण बजार निर्माताको केन्द्रीय कार्यालय मार्फत एकमुष्ट प्राप्त हुनु पर्ने । साँवाको शोधभर्ना एवम् ब्याज कमिशन समेत बजार निर्माताको केन्द्रीय कार्यालयको खातामा एकमुष्ट जम्मा गरिने । आफ्नो शाखा कार्यालयबाट भएको कारोवारको हिसाब सम्बन्धित बजारनिर्माताले नै राख्नु पर्ने ।

यस सम्बन्धी जानकारी यस बैंकको वेबसाईट www.nrb.org.np अन्तर्गत Public Debt मा समेत हेर्न सकिने छ ।

(लोक बहादुर खड्का)
कार्यकारी निर्देशक